# उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
डिनको कार्यालय, कीर्तिपुरमा नेपाली विषयमा विद्यावारिधि
उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध


शोधार्थी

गणेश शर्मा

विद्यावारिधि दर्ता नं. ०७/२०७३ माघ


२०८०

# शोधप्रबन्ध समितिको सिफारिसपत्र

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको प्रस्तुत शोधप्रबन्ध नेपाली विषयको विद्यावारिधि उपाधिको प्रयोजनका लागि श्री गणेश शर्माले हाम्रा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यस शोधकार्यबाट हामी सन्तुष्ट छौँ । यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय समक्ष सिफारिस गर्दछौँ ।

...................................

प्रा. डा. रामनाथ ओझा

शोधनिर्देशक

....................................

सहप्रा. डा. नारायणप्रसाद शर्मा गैरे

सह-शोधनिर्देशक

मिति :

# अनुमोदनपत्र

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकमा विद्यावारिधि शोधकार्य गर्ने श्री गणेश शर्माले नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्यलाई विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको व्यहोरा प्रमाणित गरिन्छ ।

...................................

प्रा. डा. कुशुम शाक्य

डीन एवम् अध्यक्ष

अनुसन्धान समिति

मिति :

## प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयअन्तर्गत विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत *उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको शोधप्रबन्ध मैले प्रा. डा. रामनाथ ओझाज्यूको निर्देशन र सहप्रा. डा. नारायणप्रसाद शर्मा गैरेज्यूको सह-निर्देशनमा सम्पन्न गरेको हुँ । मैले यो शोधप्रबन्ध तयार गर्ने क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । यस शोधप्रबन्धमा प्रस्तुत सामग्रीलाई मैलै यसअघि कहीँ, कतै कुनै पनि प्रयोजनका लागि प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंशलाई लेख, पुस्तक वा पुस्तकको अंशका रूपमा पनि प्रकाशन गरे/गराएको छैन । यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

...........................

गणेश शर्मा

मिति : २०८०।१२।०२

# कृतज्ञता ज्ञापन

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने ध्येयले तयार पारिएको हो । गजलका बारेमा विभिन्न कोणबाट अध्ययन अनुसन्धान भइरहेका बेला गजलमा निहित व्यङ्ग्यलाई विषय बनाएर सिङ्गो अध्ययन हुन नसकेको अवस्थामा विद्यावारिधि तहको अध्ययन गर्न सकिन्छ भन्ने कुराको उत्प्रेरणापश्चात् प्राज्ञिक क्षेत्रमा नयाँ ज्ञानको खोज गर्ने उद्देश्यका साथ प्रस्तुत अध्ययनतर्फ अग्रसर भई यो कार्य सम्पन्न गरेको हुँ । यस शोधप्रबन्धको शीर्षक छनोटदेखि शोधप्रबन्ध समाप्तिसम्म निरन्तर परामर्श प्रदान गरी आवश्यक निर्देशन, राय, सुझाव र सल्लाह प्रदान गर्नुहुने आदरणीय शोधनिर्देशक प्रा. डा. रामनाथ ओझा र सह-शोधनिर्देशक आदरणीय सहप्रा. डा. नारायणप्रसाद शर्मा गैरेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँहरूकै असीम सहयोग र सद्भावले प्रस्तुत शोधप्रबन्धले मूर्त रूप प्राप्त गरेको हो । कार्यव्यस्तताका बाबजुद पनि शोधकार्य सम्पन्न गर्न प्राज्ञिक तथा बौद्धिक सुझावका साथ शोधलाई परिष्कार र परिमार्जन गर्ने कार्यमा अमूल्य समय प्रदान गर्नुभएकामा गुरुद्वयप्रति म सदा ऋणी छु ।

शीर्षक चयन, शोधप्रस्ताव लेखनदेखि शोधप्रबन्ध तयार गर्ने कार्यसम्म अमूल्य समय प्रदान गरी निरन्तर प्रेरणा, सुझाव र सल्लाह दिनुहुने नेपाली केन्द्रीय विभाग, कीर्तिपुरका श्रद्धेय गुरुहरू प्रा. डा. देवीप्रसाद गौतम, प्रा. डा. दयाराम श्रेष्ठ, प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल, प्रा. डा. ताराकान्त पाण्डेय, प्रा. डा. कृष्णहरि बराल, प्रा. डा. महादेव अवस्थी, प्रा. डा. लक्ष्मणप्रसाद गौतम तथा त्रि. वि. मानविकी सङ्कायका सहायक डिन सहप्राध्यापक डा. गोविन्दप्रसाद शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत अनुसन्धान कार्यका लागि हरबखत झकझक्याइ रहनुहुने पृथ्वीनारायण क्याम्पस नेपाली शिक्षा विभाग, पोखराका प्रा. डा. रामचन्द्र पोखरेल, प्रा. डा. नरहरि उपाध्याय गौतम, सहप्रा. डा. बाबुराम अधिकारी, उपप्रा. बोधराज ढकाल, उपप्रा. विष्णुप्रसाद शर्मा, उपप्रा. सुरज पौडेलप्रति आभारी छु । त्यस्तै, पृथ्वीनारायण क्याम्पस नेपाली विभाग, पोखराका प्रा. डा. विष्णुप्रसाद पौडेल, सहप्रा. डा. लक्ष्मीशरण अधिकारी, सहप्रा. कृष्णप्रसाद पौडेलका साथै अध्ययनका लागि मलाई बेलाबेलामा हौसाउने एवम् उत्प्रेरणा प्रदान गर्नुहुने सरस्वती बहुमुखी क्याम्पस, काठमाडौंमा प्राध्यापनरत अङ्ग्रेजी विषयका सहप्रा. डा. राजेन्दप्रसाद चापागाईप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अध्ययनलाई पूर्णता प्रदान गर्न सामग्री सङ्कलनका क्रममा सहयोग गर्नुहुने त्रि. वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुरका पुस्तकालय प्रमुख श्री पूर्णलाल श्रेष्ठ र मित्र श्री गेभनाथ न्यौपाने, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखराका पुस्तकालय प्रमुख श्री किशोर सुवेदी,

नेपाली केन्द्रीय विभागीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय गुठी, नेपाल प्रज्ञा प्रतिष्ठानको पुस्तकालय र त्यहाँ कार्यरत सम्पूर्ण कर्मचारीप्रति धन्यवाद व्यक्त गर्दछु ।

शोधकार्य सम्पन्न गर्न हरबखत प्रेरणा र हौसला प्रदान गर्नुहुने शुभेच्छुक तथा परिवारजनको सहयोग महत्त्वपूर्ण रहेको छ । अध्ययनमा हौसला एवम् शुभेच्छा प्रदान गर्नुहुने आदरणीय दाजुहरू तीर्थ श्रेष्ठ, दीपक समीप, कृसु क्षेत्री, डा. ईश्वरमणि अधिकारी, लक्ष्मण थापा तथा साथीहरू सञ्जीवबाबु पौडेल, घनेन्द्र ओझा, रुपीन्द्र प्रभावी कटु, असफल गौतम, प्राञ्जल, पुष्करराज भट्ट, दिलीप ढकाल, टङ्कप्रसाद गैरे, जगतमणि सोती, डी. डी. अधिकारीप्रति आभारी छु । त्यसै गरी मलाई हुर्काइ, बढाइ ज्ञानप्राप्तिको बाटोमा अग्रसर गराउनुहुने मेरो पहिलो शिक्षकको भूमिकामा रहनुभएका पूजनीय पिता चूडामणि पाध्या, पूजनीय माता रत्नमाया पाध्याको छत्रछहारीमा बसेर प्राप्त गरेको ज्ञानले यहाँसम्म पुऱ्याएको छ, उहाँहरूप्रति हार्दिक श्रद्धाभाव व्यक्त गर्दछु । यस्तै जीवनका हरेक पाइलामा साथ र सहयोग प्रदान गर्ने जीवनसङ्गी गायत्री पनेरु शर्माको प्रेरणा र सहयोगप्रति विशेष धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा छोराहरू गजल शर्मा र गिनिस शर्मा, छोरी ग्रिष्मा शर्माले देखाएका बालसुलभ व्यवहार सदा स्मरणीय रहिरहने छन् ।

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको शोधकार्य सम्पन्न गर्ने क्रममा उपयोग गरिएका व्यङ्ग्यसँग सम्बन्धित अध्येता एवम् गजलकृतिका स्रष्टाहरूप्रति आभारी छु । अध्ययनका क्रममा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्नुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

गणेश शर्मा

मिति : २०८०।१२।०२

# शोधसार

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा उत्तरवर्ती समयमा सिर्जना गरिएका नेपाली गजलमा निहित व्यङ्ग्यको विश्लेषण गरिएको छ । उत्तरवर्ती व्यङ्ग्य गजलमा समाजमा रहेका विकृति र विसङ्गतिमाथि प्रहार गर्दै व्यङ्ग्यका माध्यमबाट सुधारको अपेक्षा गरिएको पाइन्छ । नेपाली गजलमा व्यङ्ग्यको प्रयोग मोतीराम भट्ट (१९४०) बाट गरिए पनि २०३६ पछिका गजलमा व्यङ्ग्यको प्रयोग सशक्त रूपमा हुँदै आएको पाइन्छ ।

नेपाली गजलमा व्यङ्ग्यका लागि विषयगत र स्वरूपगत विविधतालाई अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनका लागि नेपाली गजलको उत्तरवर्ती समय २०३६ देखि २०६२ सालसम्म प्रकाशित बयालिस वटा गजलकृतिलाई सोद्देश्यमूलक प्रक्रियाबाट छनोट गरी कृतिभित्र निहित व्यङ्ग्य गजललाई विश्लेषणको सामग्री बनाइएको छ । अध्ययनका लागि छनोट गरिएका व्यङ्ग्ययुक्त गजलमा राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयको अवधारणात्मक ढाँचा तयार गरी सोही आधारमा विश्लेषण गरिएको छ । उत्तरवर्ती नेपाली गजलमा हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी, कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका स्वरूपको अवधारणा तय गरी विश्लेषण गरिएको छ । छनोट गरिएका सामग्रीको अध्ययनपश्चात् निष्कर्षमा पुग्नलाई गुणात्मक शोधविधिको उपयोग गरिएको छ ।

उत्तरवर्ती नेपाली गजलमा निरङ्कुश तथा प्रतिगमनकारी शासन व्यवस्था, प्रजातान्त्रिक प्रणालीमा देखिएका कमजोरी, नेताका गलत क्रियाकलाप, सरकारको भूमिका, दलीय चलखेल, राष्ट्रघाती कदम, सन्त्रास र भयको वातावरण, नातावाद तथा कृपावादको गलत संस्कृति, अन्धभक्ति, न्याय तथा न्यायालय र प्रशासनका क्षेत्रमा देखिएका राजनीतिक विसङ्गतिमाथि व्यङ्ग्य गरिएको छ । समाजमा रहेका जातीय तथा लैङ्गिक विभेद, दमन, अन्याय, अत्याचार, सहरी सभ्यता, मानवीय चरित्र, मानवीयताको ह्रासका साथै आर्थिक क्षेत्रमा देखिएक शोषण, अर्थप्रणाली, अर्थप्रतिको मोह, देशमा बढ्दै गएको महँगी, कालाबजारी, आर्थिक अनियमितता र बेरोजगारी अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । ईश्वरप्रतिको धारणा, दैवी शोषण, मूर्तिपूजा, धार्मिक आडम्बर, बलिप्रथा, साधु, सन्त र पुजारीका चरित्र, विकृत नेपाली पहिरन, विदेशी भाषा, सङ्गीत, रहनसहनप्रति मोह, मानवीय कृत्रिमता, व्यक्तिका अहङ्कार, आचरण, जाली प्रवृत्ति र प्रेमका विकृत अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको अध्ययनका लागि विभिन्न स्वरूपको प्रयोग गरिएको पाइन्छ । भ्रष्टाचार, बेरोजगार, चाकरी, चापलुसी, नातावाद तथा कृपावाद,

अहङ्कार, चुनावी प्रणाली, सरकारका गलत व्यवहार, संस्कृतिको अन्धानुकरण, विदेशी पहिरन, सत्तामोह, घुसखोरी, प्रजातान्त्रिक व्यवस्थाका गलत क्रियाकलाप, शिक्षा प्रणाली, सहरी सभ्यता, मानवीयताको ह्रास, गलत न्याय प्रणाली, निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीसत्ता, मानवीय गलत आचरण, छलकपट, धार्मिक आडम्बर, लैङ्गिक विभेद, हत्या, हिंसा, आतङ्क, दलीय चलखेल, जातीय विभेद जस्ता विषयमाथि व्यङ्ग्य गर्न हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौज स्वरूपको प्रयोग गरिएको छ ।

व्यङ्ग्य प्रयोगका दृष्टिले नेपाली गजलको उत्तरवर्ती समय उर्वर देखिन्छ । यस समयका गजलमा संरचनागत स्वरूपलाई पालना गर्नु, विषय र स्वरूपमा विविधता पाइनु र लेखनमा आकर्षण बढ्नुले गजलको सामर्थ्यलाई बृद्धि गरेको छ । गजलमा विषयको अभिव्यक्ति कसिलो, सूत्रात्मक, सङ्क्षिप्त, सहज र स्वाभाविक रूपमा भएको छ । गजलमा प्रयोग गरिएका विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोगले विशिष्टता प्रदान गरेको र त्यसले विषयको प्रस्तुतिलाई आकर्षक, प्रभावकारी, सुन्दर, हृदयस्पर्शी बनाउँदै गजलको मूल्य सौन्दर्यमा वृद्धि गरेको छ । समग्रमा समाजमा रहेका विकृति र विसङ्गतिप्रति चोटिलो प्रहार गरी व्यङ्ग्यका माध्यमबाट सुधारको चाहना राख्दै समुन्नत समाजको निर्माण तथा समाज रूपान्तरणको अपेक्षा गर्नु उत्तरवर्ती नेपाली गजलको प्रमुख प्राप्ति हो ।

# विषयसूची


| | |
|---|---|
| शोधप्रबन्ध समितिको सिफारिसपत्र | (क) |
| अनुमोदनपत्र | (ख) |
| प्रतिबद्धता | (ग) |
| कृतज्ञता ज्ञापन | (घ) |
| शोधसार | (च) |
| विषयसूची | (ज) |


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधविधि | २० |
| १.५.१ | सामग्री सङ्कलनविधि | २० |
| १.५.१.१ | सामग्रीको छनोट | २० |
| १.५.१.२ | सामग्रीको वर्गीकरण | २१ |
| १.५.२ | सामग्री विश्लेषणविधि | २१ |
| १.६ | शोधको सीमाङ्कन | २२ |
| १.७ | शोधको औचित्य | २२ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | २३ |

## दोस्रो परिच्छेद

## उत्तरवर्ती नेपाली गजलमा राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्य


| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | २४ |
| २.२ | अवधारणात्मक आधार | २४ |
| २.२.१ | राजनीतिक व्यङ्ग्य | २६ |
| २.२.२ | सामाजिक व्यङ्ग्य | २८ |
| २.२.३ | आर्थिक व्यङ्ग्य | २९ |
| २.३ | नेपाली गजलमा व्यङ्ग्य | ३१ |
| २.३.१ | राजनीतिक व्यङ्ग्य | ३१ |
| २.३.१.१ | निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य | ३२ |
| २.३.१.२ | प्रतिगमनकारी शाहीशासनप्रति व्यङ्ग्य | ३५ |
| २.३.१.३ | प्रजातान्त्रिक व्यवस्थाप्रति व्यङ्ग्य | ३८ |
| २.३.१.४ | राजनीतिक नेताप्रति व्यङ्ग्य | ४२ |
| २.३.१.५ | सरकारप्रति व्यङ्ग्य | ४८ |
| २.३.१.६ | दलीय चलखेलप्रति व्यङ्ग्य | ५१ |
| २.३.१.७ | राष्ट्रघातप्रति व्यङ्ग्य | ५४ |
| २.३.१.८ | असुरक्षा, सन्त्रास र आतङ्कप्रति व्यङ्ग्य | ५६ |
| २.३.१.९ | नातावाद तथा कृपावादप्रति व्यङ्ग्य | ५९ |
| २.३.१.१० | अन्धभक्तिप्रति व्यङ्ग्य | ६२ |
| २.३.१.११ | न्याय तथा न्यायालयप्रति व्यङ्ग्य | ६३ |
| २.३.१.१२ | प्रशासनप्रति व्यङ्ग्य | ६८ |
| २.३.२ | सामाजिक व्यङ्ग्य | ७० |
| २.३.२.१ | जातीय विभेदप्रति व्यङ्ग्य | ७१ |
| २.३.२.२ | लैङ्गिक विभेदप्रति व्यङ्ग्य | ७३ |

२.३.२.३ अवसरवादी चरित्रप्रति व्यङ्ग्य ७७
२.३.२.४ सहरी सभ्यताप्रति व्यङ्ग्य ८०
२.३.२.५ मानवीयताको ह्रासप्रति व्यङ्ग्य ८६
२.३.२.६ अत्याचारप्रति व्यङ्ग्य ९२
२.३.२.७ चाकरी चापलुसीप्रति व्यङ्ग्य ९४
२.३.३ आर्थिक व्यङ्ग्य ९६
२.३.३.१ शोषणप्रति व्यङ्ग्य ९६
२.३.३.२ अर्थप्रणालीप्रति व्यङ्ग्य १००
२.३.३.३ अर्थमोहप्रति व्यङ्ग्य १०२
२.३.३.४ महँगी तथा कालाबजारीप्रति व्यङ्ग्य १०४
२.३.३.५ आर्थिक अनियमितता तथा भ्रष्टाचारप्रति व्यङ्ग्य १०६
२.३.३.६ बेरोजगारी अवस्थाप्रति व्यङ्ग्य १०९
२.४ निष्कर्ष ११२

## तेस्रो परिच्छेद

## उत्तरवर्ती नेपाली गजलमा धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्य

३.१ विषयप्रवेश ११५
३.२ अवधारणात्मक आधार ११५
३.२.१ धार्मिक व्यङ्ग्य ११५
३.२.२ सांस्कृतिक व्यङ्ग्व्य ११७
३.२.३ वैयक्तिक व्यङ्ग्य ११९
३.३ नेपाली गजलमा व्यङ्ग्य १२०
३.३.१ धार्मिक व्यङ्ग्य १२१
३.३.१.१ ईश्वर वा देवताप्रति व्यङ्ग्य १२१

| | | |
|---|---|---|
| ३.३.१.२ | दैवी शोषणप्रति व्यङ्ग्य | १२३ |
| ३.३.१.३ | मूर्ति तथा ढुङ्गापूजाप्रति व्यङ्ग्य | १२५ |
| ३.३.१.४ | धार्मिक आडम्बरप्रति व्यङ्ग्य | १२८ |
| ३.३.१.५ | साधु, सन्त र पुजारीप्रति व्यङ्ग्य | १३० |
| ३.३.१.६ | बलिप्रथाप्रति व्यङ्ग्य | १३३ |
| ३.३.२ | सांस्कृतिक व्यङ्ग्य | १३५ |
| ३.३.२.१ | वेशभूषा वा पहिरनप्रति व्यङ्ग्य | १३५ |
| ३.३.२.२ | सङ्गीतप्रति व्यङ्ग्य | १३७ |
| ३.३.२.३ | रहनसहनप्रति व्यङ्ग्य | १४१ |
| ३.३.२.४ | विदेशी भाषामोहप्रति व्यङ्ग्य | १४२ |
| ३.३.३ | वैयक्तिक व्यङ्ग्य | १४४ |
| ३.३.३.१ | जीवनप्रति व्यङ्ग्य | १४४ |
| ३.३.३.२ | कृत्रिमताप्रति व्यङ्ग्य | १४८ |
| ३.३.३.३ | अहङ्कारप्रति व्यङ्ग्य | १५१ |
| ३.३.३.४ | आचरणप्रति व्यङ्ग्य | १५४ |
| ३.३.३.५ | जाली प्रवृत्तिप्रति व्यङ्ग्य | १५७ |
| ३.३.३.६ | शृङ्गार वा प्रेमप्रति व्यङ्ग्य | १६० |
| ३.३.४ | निष्कर्ष | १६५ |


## चौथो परिच्छेद
## उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका स्वरूप


| | | |
|---|---|---|
| ४.१ | विषयप्रवेश | १६७ |
| ४.२ | व्यङ्ग्यका स्वरूपको अवधारणात्मक आधार | १६७ |
| ४.३ | नेपाली गजलमा व्यङ्ग्यका स्वरूप | १७० |

४.३.१ हास्य १७१
४.३.२ उपहास १८१
४.३.३ वक्रोक्ति १९१
४.३.४ वाक्वैदग्ध्य २०२
४.३.५ आक्षेप २१३
४.३.६ कटाक्ष २२३
४.३.७ अतिशयोक्ति/अतिशयकथन २३३
४.३.८ खिसीगिल्ला/खिसीट्युरी २३९
४.३.९ कटूक्ति/गालीगलौज २४४
४.४ निष्कर्ष २४९

## पाँचौँ परिच्छेद
## सारांश तथा निष्कर्ष

५.१ परिच्छेदगत सारांश २५१
५.२ निष्कर्ष २५३
५.३ अध्ययनको प्राप्ति र योगदान २५६
परिशिष्ट (क) नेपाली अङ्ग्रेजी शब्दसूची २५८
परिशिष्ट (ख) छनोट गरिएका गजलकार र गजल कृतिसूची २५९
परिशिष्ट (ग) व्यङ्ग्य गजलको विषयगत वर्गीकरणसूची २६१
परिशिष्ट (घ) व्यङ्ग्य गजलको स्वरूपगत वर्गीकरणसूची २६८
परिशिष्ट (ङ) व्यङ्ग्य गजलका विषयको शीर्षकगत गजल/सेर सङ्ख्यासूची २७४
परिशिष्ट (च) व्यङ्ग्य गजलका स्वरूपको शीर्षकगत गजल/सेर सङ्ख्यासूची २७६
सन्दर्भ सामग्रीसूची २७७